संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-१२
२०८१ जेठ २२ गते, मङ्गलवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : ३:४२ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको बाह्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य पदम बहादुर परियार**ले शान्ति बाटिकामा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अधिकारसम्बन्धी नियमावली, २०७७ बमोजिम नेपाल सरकारले व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउनुपर्छ भनेर धर्नामा बसेको ३६ दिन भएको बताउँदै सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले नेपालको संविधानको मौलिक हकमा अपाङ्गतासम्बन्धी भएको व्यवस्था र अपाङ्गता नियमावली, २०७७ मा भएको व्यवस्थाअनुसार अतिअशक्त, अशक्त भएका अपाङ्गहरूलाई सहयोगीको व्यवस्था रहेको कुरा बताउनुभयो । जनयुद्ध, जनआन्दोलनका अपाङ्गहरू, प्राकृतिक अपाङ्ग भएका अति संवेदनशील सहाराविहीन अपाङ्ग व्यक्तिहरूलाई एक जना सहयोगीको व्यवस्था गर्नुपर्ने बताउँदै सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य इन्दिरा देवी गौतम**ले जलवायु परिवर्तनसँगै खानेपानीको अभाव भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सदस्य गंगा कुमारी बेलबासे**ले वर्षायाम सुरु भएसँगै देशका विभिन्न स्थानमा क्षति भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा उचित जनशक्ति र उडानको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले राष्ट्रको समृद्धि र विकासको लागि दुरदर्शी नेतृत्व, बलियो राजनीतिक दल, राजनीतिक स्थायित्व भएको सरकार हुनुपर्ने कुरा बताउनुभयो ।

**माननीय सदस्य भगवती न्यौपाने**ले २०८१ जेठ ६ गते तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नम्बर ३ मा आगलागीका कारण व्यापारिक सटरहरू क्षतिग्रस्त भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले जलवायु परिवर्तनसँगै हावाहुरीले निम्त्याएको क्षतिले विद्युत्, टेलिफोन सेवा अवरुद्ध भएको र भूकम्प पीडित क्षेत्रमा पनि ठुलो क्षति भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सदस्य शारदा देवी भट्ट**ले मनसुनजन्य विपद्‌बाट देशका विभिन्न स्थानमा क्षति भएको कुरा बताउनुहुँदै नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्ष देशभर मनसुनजन्य विपद्‌बाट १८ लाखभन्दा बढी घरधुरी प्रभावित हुने अनुमान गरेको बताउनुभयो ।

**माननीय सदस्य सुमित्रा वि.सी.**ले नारायणघाट-बुटवल खण्डको सडक निकै जोखिमयुक्त रहेको कुरा बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता र पेन्सनको बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलको क्रम जारी रहने जानकारी गराउनुभयो र छलफलमा भाग लिने बाँकी माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुभयो । उक्त छलफलमा देहायबमोजिमको माननीय सदस्यहरूले भाग लिनुभयो:

१. मा. रेनु चन्द
२. मा. कृष्ण प्रसाद सिटौला
३. मा. भगवती न्यौपाने
४. मा. उदय बहादुर बोहरा
५. मा. गंगा कुमारी बेलबासे
६. मा. किरण बाबु श्रेष्ठ
७. मा. इन्दिरा देवी गौतम
८. मा. घनश्याम रिजाल
९. मा. जित जंग बस्नेत
१०.मा. गोपी बहादुर सार्की आछामी

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेस गर्नुभएको आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो र उक्त छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनुभएका विषयका सम्बन्धमा जवाफ दिन माननीय अर्थमन्त्री वर्षमान पुनलाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो ।

सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका पूर्वसदस्य खगेन्द्रराज रेग्मी, संविधान सभा सदस्य सूर्यमान गुरुङ र प्रतिनिधि सभाका पूर्वसदस्य शैयद मेहराज अहमद शाहको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो:

(क) "वि.सं. २००६ सालमा जन्मनु भएका राष्ट्रिय सभाका पूर्वसदस्य खगेन्द्रराज रेग्मीको

मिति २०८१ साल जेठ १ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय रेग्मी नेपाली काँग्रेस पार्टीको तर्फबाट २०५८ सालमा राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय रेग्मीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(ख) "वि.सं. १९९९ सालमा जन्मनु भएका संविधान सभा सदस्य सूर्यमान गुरुङको मिति २०८१ साल वैशाख २५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।"

स्वर्गीय गुरुङ नेपाली काँग्रेस पार्टीको तर्फबाट २०६४ र २०७० सालको संविधान सभा सदस्य हुनुहुन्थ्यो। साथै स्वर्गीय गुरुङ श्रम तथा रोजगार मन्त्री र स्थानीय विकास मन्त्रीसमेत हुनुभएको थियो।

यो बैठक स्वर्गीय गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(ग) "वि.सं. १९९६ सालमा जन्मनु भएका प्रतिनिधि सभाका पूर्वसदस्य शैयद मेहराज अहमद शाहको मिति २०८१ साल बैशाख २५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय अहमद शाह नेपाली काँग्रेस पार्टीको तर्फबाट २०४८ सालको प्रतिनिधि सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय अहमद शाहप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल जेठ २८ गते सोमवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव